“जिम्मेवार परिवार, उत्तरदायी सरकार : दृष्टिविहीन व्यक्तिहरुको सर्वाङ्गिण विकास, सबैको सरोकार”

# कार्यक्रम पुस्तिका

# नेपाल नेत्रहीन संघ


केन्द्रीय कार्यालय, सुकेधारा, काठमाडौं

Ph: +977 1 4376598, 4376580
E-mail: nab@central.wlink.com.np
central.nabnepal@gmail.com
URL: www.nabnepal.org


## रजत महोत्सव २०७३

# नेपाल नेत्रहीन संघ
**Nepal Association of the Blind (NAB)**

## पृष्ठभूमी

नेपालमा दृष्टिविहीन व्यक्तिहरुको अधिकारको आन्दोलन वि.सं. २०४३ सालबाट शुरु भई वि.सं. २०४६ को प्रजातन्त्रपछि संगठित रुपमा अघि बढ्दै आएको हो । आफ्ना हक अधिकार र सरोकारका विषयमा सरकार तथा सर्वसाधारण समेतलाई सचेत गराउने यो अभियान शुरुमा रोजगार तथा छात्रबृत्ति प्राप्तिका लागि बढि केन्द्रित थियो । दृष्टिविहीन तथा अल्पदृष्टियुक्त व्यक्तिहरु आफैं सक्रिय भएर शुरु गरिएको यहि अभियानसँग नेपाल नेत्रहीन संघको इतिहास जोडिएको छ ।

## परिचयः

वि.सं. २०४३ सालमा नेत्रहीन समूहका रुपमा संगठित भई वि.सं. २०४९ माघ ८ गते (सन् १९९३ जनवरी २१) मा नेपाल नेत्रहीन संघका रुपमा जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा विधिवत् दर्ता गरियो । देशभरिका दृष्टिविहीनहरुको हकहीत र अधिकारका लागि कार्यरत यो एउटा गैर सरकारी, गैर नाफामूलक संस्था हो । आजका दिनसम्म आइपुग्दा यस संघले :

- देशका ४७ वटा जिल्लामा आफ्नो शाखा विस्तार गरिसकेको छ भने झण्डै दर्जन शाखाहरुको आफ्नै कार्यालय भवन छ ।
- ३८ प्रतिशत महिलासहित ३००० भन्दा बढि साधारण सदस्यहरु यस संघसँग आवद्ध छन् ।
- समयको मागलाई सम्बोधन गर्दै यसका भगिनी संस्थाहरु : नेत्रहीन युवा संघ तथा नेत्रहीन महिला संघ दुबैले स्वतन्त्र गैर सरकारी संस्थाका रुपमा दर्ता भई विभिन्न कार्यक्रमहरु संचालन गर्न थालिसकेका छन् ।
- संस्थाको प्रशासनिक र आर्थिक नीतिहरु तयार गरी व्यवहारमा लागू गरिएको छ ।
- संस्थाको लैंगिक नीति तयार गरी व्यवहारमा लागू गरिएको छ ।
- संस्थाको पाँच बर्षे रणनीतिक कार्ययोजना तयार गरी लागू गरिएको छ ।
- संस्थाको वकालत तथा पैरवी रणनीति तयार गरी लागू गरिएको छ ।

## परिकल्पना

नेपाल नेत्रहीन संघले दृष्टिविहीन तथा अल्पदृष्टियुक्त व्यक्तिहरुको समुदायलाई न्याय सुनिश्चित गर्दै जीवन तथा जीविकोपार्जनको संरक्षण गर्न वकालत तथा पैरवी गर्दछ ।

## ध्येय

दृष्टिविहीन तथा अल्पदृष्टियुक्त व्यक्तिहरुको हीतका लागि नेपाल नेत्रहीन संघले निम्नानुसारका ध्येय राखेको छ :

- सूचना, श्रोतसाधन, तथा सेवाका लागि दृष्टिविहीन तथा अल्पदृष्टियुक्त व्यक्तिहरु तथा सम्बद्ध संघसंस्थाहरुको क्षमता बृद्धि गर्ने
- समानता र सामाजिक न्याय सुनिश्चित गर्ने
- ज्ञान बढाउने तथा बाँड्ने
- स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सहकार्य तथा साझेदारीका अवसर खोज्ने ।
- दृष्टिविहीन मैत्री हुने गरी नीतिगत तहमा परिवर्तन तथा परिमार्जन गर्नका लागि नीतिगत संवादहरुमा सहभागी हुने
- नेपाल नेत्रहीन संघ सिकाई, अर्थपूर्ण सम्बाद तथा दृष्टिविहीनहरुको जीवन र जीविकोपार्जनमा दिगो प्रभाव पारी सकारात्मक परिवर्तन ल्याउने आफ्नो उद्देश्यहरु पूरा गर्नका लागि प्रतिबद्ध छ

## मूलभूत मान्यता

नेपाल नेत्रहीन संघको मूलभूत मान्यता PAVITRA हो जसको मतलब हुन्छ **Participation** (सहभागिता), **Accountability** (जवाफदेहिता), **Voluntarism** (स्वयंसेवा), **Integrity** (विश्वसनियता), **Transparency** (पारदर्शिता), **Respect** (सम्मान), तथा **Advocacy** (वकालत)

## लक्ष्य

वकालत, क्षमता अभिबृद्धि तथा प्रयोगात्मक कार्य मार्फत् दृष्टिविहीन तथा अल्पदृष्टियुक्त व्यक्तिहरुको शसक्तिकरण गर्दै जाने ताकि उनीहरुको अधिकार प्राप्ति होस् र जीवनस्तरमा समेत उल्लेख्य सुधार आओस् ।

## लक्षित समूह

हाम्रो लक्षित समूह भनेको दृष्टिविहीन तथा अल्पदृष्टियुक्त व्यक्तिहरु हुन् जोसँग जीविकोपार्जनका लागि सिमित अवसर मात्र छन् । हाम्रा क्रियाकलाप तथा सक्रियता मार्फत् उनीहरुको जीवनमा सकारात्मक तथा दिगो परिवर्तन ल्याउन सक्नु नै हाम्रो सफलताको कडि हो । तसर्थ नेपाल नेत्रहीन संघले तपसिल बमोजिमका व्यक्ति तथा समुदायका लागि कार्य गर्दछ :

- नेत्रहीन महिला (व्यक्ति तथा समुदाय)
- सिमित श्रोतसाधन तथा जीविकोपार्जनमा कठिनाई भएका दृष्टिविहीन तथा अल्पदृष्टियुक्त व्यक्ति तथा समुदाय
- अति जोखिमपूर्ण क्षेत्र वा अवस्थामा बाँचिरहेका दृष्टिविहीनहरु जसलाई जिविकोपार्जनका लागि समस्या छ र पहुँचबाट जो टाढा छन् ।

## परिवर्तनको सिद्धान्त

नेपाल नेत्रहीन संघको परिवर्तनको सिद्धान्त लक्षित वर्ग तथा समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने कुरामा आधारित छ जसका लागि सेवाप्रदायक र लक्षित वर्गवीचमा हुने संवादको प्रकृति र गुणमा स्तरियता हुनु आवश्यक छ । यहाँ सेवाप्रदायक भन्नाले सूचना, ज्ञान, श्रोतसाधन तथा प्रविधिमा पहुँच भएका संस्था, नीतिनियम, कानून तथा प्रावधान आदि बुझिन्छ भने लक्षित वर्ग त्यो अधिकारवाला व्यक्ति वा समुदाय हो जसले सेवाप्रदायकहरुबाट पाउने सेवाको उपयोग गर्दछन् । त्यसैले राष्ट्रिय तवरमै नीति तथा कार्यक्रम तयार पार्न, त्यस्ता नीति तथा कार्यक्रमहरु लागू गर्न सेवाप्रदायक र सेवाग्राहीका वीचमा निरन्तर संवाद र अन्तक्रिया हुनु आवश्यक छ ।

**संस्थाले संचालन गर्दै आएका नियमित कार्यक्रमहरु  तथा उपलब्धिहरु :**

**१) राष्ट्रियस्तरको नीतिनिर्माण तहमा सकारात्मक प्रभाव पार्ने खालको वकालत तथा पैरवी**

नेपाल नेत्रहीन संघले राष्ट्रिय अपाङ्ग महासंघ लगायत अन्य अपाङ्गताको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुसँगको समन्वयमा गरेका वकालत तथा पैरवीमार्फत निम्नानुसारका उपलब्धि हाँसिल गरियो :

- शिक्षण तथा निजामति सेवामा रोजगारीमा अपाङ्गता भएका व्यक्तिहरुका लागि ५ प्रतिशत आरक्षणको व्यवस्था
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धि संयुक्त राष्ट्रसंघिय महासन्धी अनुमोदन
- नेपालको संविधान २०७२ मा अपाङ्गता भएका व्यक्तिहरुको राजनैतिक, सामाजिक र शैक्षिक अधिकार सुनिश्चित
- अपाङ्गता परिचय पत्र वितरण व्यवस्था तथा अपाङ्गता भएका व्यक्तिहरुको बर्गिकरण
- समावेशी शिक्षा नीति २०७३
- राष्ट्रिय अपाङ्ग कार्ययोजना तर्जुमा
- सहायक सामाग्रीहरुमा कर छुटको व्यवस्था
- अपाङ्गता भएका व्यक्तिहरुको लागि आयकरमा छुटको व्यवस्था
- अपाङ्गता भएका व्यक्तिहरुको लागि जग्गा दर्ता शुल्कमा छुट
- मुद्रामा ब्रेल संकेतको व्यवस्था
- त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरुमा दृष्टिविहीन विद्यार्थीहरुका लागि सम्पूर्ण शुल्क छुटको व्यवस्था
- अस्पतालहरुमा अपाङ्गता भएका व्यक्तिहरुको लागि छुटको व्यवस्था
- हवाई तथा सडक यातायातमा ५० प्रतिशत छुट तथा सिटको आरक्षण
- राष्ट्रिय अपाङ्ग सेवा समन्वय समितिको स्थापना (२०५६)
- अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँच तथा सूचना संचार नीति २०६९
- अपाङ्गता भएका व्यक्तिहरुको संघसंस्थाको लागि रातो किताबमा बजेटको व्यवस्था
- स्थानीय निकायहरुमा बजेटको व्यवस्था
- पुनःनिर्माण कार्य गर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकता

- अपाङ्गता भएका बालबालिकाको लागि छात्रबृत्तिको व्यवस्था
- समाज कल्याण मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय मानव अधिकार आयोग आदि निकायहरुमा अपाङ्गता डेस्को व्यवस्था
- प्रधानमन्त्री कार्यालयमा अपाङ्गता भएका व्यक्तिहरुको लागि उच्चस्तरीय सल्लाहकार समिति र जिल्ला स्तरीय समन्वय समितिहरुको व्यवस्था
- अपाङ्गतामैत्री पाठ्यक्रम तथा पाठ्यपुस्तक
- परीक्षाहरुमा दृष्टिविहीनहरुका लागि समय थपको व्यवस्था

**२) दृष्टिविहीन व्यक्तिहरुका लागि पुनर्स्थापना कार्यक्रम (चितवन, नवलपरासी, रुपन्देही, कपिलबस्तु, दाङ, बर्दिया, मकवानपुर, महोत्तरी)**

- पुनर्स्थापना कार्यक्रम लागू भएका ८ जिल्लामा ७,२८,४०० घरधुरि सर्वेक्षण गरियो
- सर्वेक्षणले समेटेका जम्मा ४२,९९,१७८ जनसंख्यामध्ये ६६,६३६ मा दृष्टि समस्या देखियो जसमध्ये ४३,७८७ जना उपचार हुने अल्पदृष्टियुक्त थिए भने १२,८०५ जना उपचार नहुने दृष्टिविहीन भेटिए
- सर्वेक्षणमा भेटिएका दृष्टि समस्या भएका व्यक्तिहरुमध्ये १३,१४४ जनालाई परामर्श सेवा उपलब्ध गराईयो

**३) दृष्टिविहीनहरुका लागि समावेशीकरण कार्यक्रम (सिन्धुपाल्चोक, गोर्खा, सुर्खेत, कैलाली, ईलाम)**

- यो कार्यक्रम वि.सं. २०७३ सालबाट शुरु भएको र यसअन्तर्गत हालसम्म :
    - १० जनालाई छात्रबृत्ति वितरण
    - ७५ जनालाई व्यवसायिक तालिम
    - ७५ जनालाई सेतो छडी वितरण
    - शैक्षिक सामाग्री वितरण
    - प्रत्येक जिल्लामा महिला विकास कार्यालय प्रमुख वा जि.वि.स. को समाज कल्याण अधिकृतको संयोजकत्वमा “विकास कार्यमा दृष्टिविहीन समावेशीकरण समिती” गठन

**४) रोजगार तथा स्वरोजगार कार्यक्रम**

- पूर्व प्रधानमन्त्री शेर बहादुर देउवाको प्रमुख आतिथ्यमा दृष्टिविहीनहरुका लागि “रोजगार क्षेत्रका पहिचान तथा पहुँच” विषयक गोष्ठी (२०५६)
- रोजगारीका क्षेत्रमा दृष्टिविहीनहरुको सक्षमता अभिबृद्धिका लागि एक्सन एड नेपाल र प्रविधि सम्बन्धि उच्चस्तरीय आयोगसँगको सहकार्यमा दुई दिने “प्रविधि सेमिनार” (२०११) आयोजना
- लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षाहरुको संचालन
- ४०० जति दृष्टिविहीनहरु शिक्षण सेवामा आबद्ध
- १० जना दृष्टिविहीनहरु निजामति सेवामा रोजगार
- गैर सरकारी तथा नीजि सेवामा ४० जना रोजगार

**५) ब्रेल पाठ्यपुस्तक उत्पादन तथा वितरण**

- संघको केन्द्रीय कार्यालयमा २७०० प्रतिघण्टा छपाई क्षमताको अत्याधुनिक ब्रेल प्रेस संचालित
- हालसम्म शिक्षा मन्त्रालय, शिक्षा विभागको अनुरोधमा १,००,००० (एक लाख) भन्दा बढि ब्रेल पाठ्यपुस्तक तथा अन्य सन्दर्भ पुस्तक-पुस्तिकाहरु छपाई गरी देशव्यापी रुपमा वितरण गरिएको

**६) दृष्टिविहीनहरुका लागि कम्प्युटर तालिम**

- हालसम्म १६१ जनालाई छात्रबृत्तिसहित कम्प्युटर तालिम

**७) संगीत तालिम तथा महिला छात्राबास**

- १०४ जनाले आवास सुविधा सहित संगीत तालिम प्राप्त गरेका छन्
- करिब ३००० महिलाहरुले छात्राबासको सुविधा प्राप्त गरेका छन्
- संगीत तालिमप्राप्त ५० जनाले विभिन्न क्षेत्रमा रोजगारी प्राप्त गरेका छन्

**८) सहायक सामाग्रीहरु वितरणका लागि ब्रेल ईक्युपमेन्ट बैंक**

- १६,३९२ सेतो छडी तथा १०,००० भन्दा बढि स्लेट स्टाइलस वितरण
- माग अनुरुप देशका विभिन्न स्थानमा ब्रेल पेपर, ब्रेल किट्स, एबाकस, ब्रेल ग्लोब, ब्रेल घडि, ब्रेल चेस, ब्रेल तास लगायत अन्य अध्ययन, खेलकुद तथा मनोरञ्जन सामाग्रीहरु वितरण

**९) दैनिक दिनचर्या, गमनशीलता तथा अभिमुखीकरण तालिम**

- सन् १९९७ मा नर्वेबाट प्रशिक्षक झिकाई संघका कर्मचारी तथा स्वयंसेवकहरुका लागि गमनशीलता तथा अभिमुखीकरण तालिम दिईएको
- प्रत्येक पाँच पाँच बर्षमा गणक, क्षेत्र कार्यकर्ता र स्वयंसेवकहरुलाई गमनशीलता तथा अभिमुखीकरण, ब्रेल साक्षरता, दृष्टि क्षमता मापन र दृष्टिविहीनहरुलाई सेवा प्रदान गर्ने विषयमा तालिम दिइन्छ
- पुनर्स्थापना कार्यक्रम अन्तर्गतका ८,७६६ जनासहित झण्डै १२,००० जनालाई दैनिक दिनचर्या, गमनशीलता तथा अभिमुखीकरण तालिम प्रदान गरिएको छ

**१०) क्षमता अभिबृद्धि तथा संस्थागत विकास तालिम**

- समय समयमा आर्थिक उपार्जन, मानव संसाधन विकास, लेखा व्यवस्थापन, कार्यालय संचालन, परियोजना तथा प्रतिवेदन लेखन, संस्थागत दिगोपन, स्थानीय श्रोत साधनको परिचालन आदि तालिमबाट ५०० जना लाभान्वित

**११) नेतृत्व तथा व्यक्तित्व विकास तालिम**

केन्द्र तथा शाखाका १००० जना पदाधिकारी तथा सदस्यहरुलाई लामो अबधिको नेतृत्व बिकास तालिम र ५०० जना दृष्टिबिहीन तथा अल्प दृष्टियुक्त व्यक्तिहरुलाई छोटो अबधिको आधारभुत तालिम बिभिन्न समयमा संचालन

- ब्रिटिश काउन्सिल लगायत बिभिन्न संस्थाहरुद्धारा संचालित पेशागत दक्षता अभिबृद्धि तालिम, उद्घोषण, अंग्रेजी भाषा तालिम, रङ्गमञ्च सम्बन्धी तालिम , दैनिक दिनचर्या तथा योगा तालिम आदि मा ३०० जनालाई प्रशिक्षित गरियो

**१२) दृष्टिविहीन व्यक्तिहरुका लागि निर्व्याजी ऋण तथा समूहगत स्वाबलम्बन कार्यक्रम**

- विभिन्न जिल्लामा गरी ११० वटा वचत तथा ऋण समूहहरुको गठन
- जम्मा १,१९१ जनालाई निर्व्याजी ऋण प्रदान गरियो
- २० वटा समूहलाई विउ पुँजी वितरण
- गठित सम्पूर्ण समूहलाई समूह व्यवस्थापन तालिम

**१३) भगिनी संस्थाहरुद्धारा युवा तथा महिलाहरुका लागि विशिष्ट कार्यक्रमहरु**

- दृष्टिबिहीन युवा संघले युवाहरुको शिक्षा, स्वास्थ्य, रोजगारी, व्यक्तित्व तथा नेतृत्व बिकास, संगठन निर्माण तथा संचालन, अतिरित्त क्रियाकलाप आदि कार्यक्रमहरु अलगै संस्था दर्ता गरि संचालन गरि रहेको
- नेत्रहीन महिला संघले नेपाल नेत्रहीन संघको मुल्य मान्यतामा रहि दृष्टिबिहीन महिलाहरुको हक, अधिकार ,कर्तब्य, कानुनी परामर्स, महिला हिंसा बिरुद्ध बिभिन्न कार्यक्रम, प्रजनन् स्वास्थ्य, श्रृङ्गगार तथा फेसन, पाक शिक्षा, सार्बजनीक संम्बोधन, आत्मा रक्षा, गमनशीलता तथा दैनिक दिन चर्या सम्बन्धी तालीमहरु संचालन गरिरहेको

**१४) संस्था दिगोपन कार्यक्रम**

- संस्थाको दुई वटा निजि भवन
- शंखरापुर न.पा. साँखूमा २२ आना जमिन
- नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय मार्फत नियमित बजेटको ब्यबस्था
- नियमित आम्दानिको श्रोतको रुपमा अत्याधुनिक ब्रेल प्रेस
- ११ वटा शाखाहरुको आफ्नै निजि भवन
- केन्द्रिय कार्यालय, शाखाकार्यालय र पुनःस्थापन कार्यक्रमको लागि आबश्यक ५० जना दक्ष जनशक्ती मौजुद
- साना,ठुला तथा मझौला गरि १० वटा सवारी साधन मौजुद
- संस्था संचालनका लागि आबश्यक कम्प्यूटर, अत्याधुनिक स्क्यानर, प्रिन्टर, सोलार लगायतका अत्याधुनिक उपकरणहरु मौजुद

**१५) अन्धोपन निवारण तथा रोकथाम कार्यक्रम**

- १,७१,६०८ जनालाई आँखासम्बन्धि बहिरङ्ग सेवा प्रदान गरियो
- ३७,२०८ जनाको आँखाको सफलतापूर्वक शल्यक्रिया गरियो

**१६) सचेतना तथा जनचेतना कार्यक्रम**

- दृष्टिबिहीनहरुको क्षमता प्रति समाजमा सकारात्मक अबधारणा श्रृजना गर्नका लागि केन्द्रिय तथा शाखा र यसका भगिनि संस्थाहरुद्धारा रेडियो कार्यक्रम, जनचेतना अभियान, सचेतना कार्यक्रम, पत्रिका प्रकासन, लेख आलेख प्रकास, सडक नाटक, आदि कार्यक्रमहरु नियमित रुपमा संचालन भैरहेको
- आँखा नै सबै थोक हैन, सामुहिक प्रयास, उज्यालो तिर, सफलताको कथा, बिपद ब्यबस्थापन जस्ता बृतचित्र निर्माण गर्नुको साथै भुकम्पीय जोखिम न्यूनिकरणका लागि सार्बजनिक सेवाको लागि सन्देशहरु  निर्माण गरि बिभिन्न रेडियो तथा टेलिभिजनबाट प्रशारण  गर्दै रहेको

**१७) दृष्टिविहीनमैत्री प्रविधि विकास कार्यक्रम**

- जजको माध्यमबाट दृष्टिबिहीनहरुलाई नेपालमै पहिलो पटक कम्प्यूटर प्रशिक्षणको सुरुवात
- दृष्टिवाचक नामक  नेपाली टेक्स्ट टु स्पीच सफ्टवेयर को निर्माण
- नेपाली ब्रेल कन्भटरको निर्माण
- नेपाली डक्सनरीको निर्माण
- जज लगायत संघद्धारा निर्मित सम्पूर्ण सफ्टवेरहरुको देशैभरि निःशुल्क वितरण
- Optical Characteristic Recognizer (OCR), नेपाली मौलिक स्वरमा Text To Speech (TTS) आदि सफ्टवेयरहरु निर्माणको काम शुरु भैसकेको छ

**१८) सूचना तथा संचार सम्बद्ध कार्यक्रम**

- सरोकार मुख पत्र प्रकासन
- साहास रेडियो कार्यक्रम प्रसारण
- बिभिन्न टेलिक्लिप्सहरु निर्माण तथा प्रशारण
- बिभिन्न जिल्ला शाखाहरुद्धारा एफ.एम. कार्यक्रम संचालन
- संस्थाको आफ्नै वेब साइट तथा फेसबुक पेज संचालन

**१९) विपत् व्यवस्थापन कार्यक्रम**

- बिनासकारी भुकम्प २०७२ द्धारा  अति प्रभावित ९ जिल्लाका ३५० दृष्टिबिहीन तथा अन्य अपाङ्गता र तिनका परिवारहरुलाई जस्ता पाता, भवन निर्माण सामाग्री, कम्बल तथा न्यानो कपडा,सेतो छडी, रेडियो तथा सुचनाजन्य पत्र पत्रिकाहरुको बितरण
- भुकम्पबाट बच्नका लागि जनचेतनासँग सम्बन्धित पत्रिका प्रकासन, रेडियो तथा टेलिभिजन कार्यक्रम संचालन, ठाउँ ठाउँमा जनचेतना गोष्ठि, सार्बजनिक सेवा सन्देसश निर्माण र प्रसारण

**२०) दृष्टिविहीनहरुको शिक्षा विकास तथा छात्रबृत्ति कार्यक्रम**

- नारायणी मा.बि चितवन,गुरुजोज्यूर मा.बि दाङ्ग, राष्ट्रिय आदर्श मा.बि., कपिलबस्तु आदिमा आवास सहित दृष्टिबिहीन एकिकृत बिद्यालयको संचालन
- सबै तहका गरी १७२८ जना दृष्टिबिहीन बिद्यार्थिहरुका लागि छात्रबृत्ति प्रदान

**नेपाल नेत्रहीन संघको रजत महोत्सवका अवसरमा प्रस्ताव गरिएका केही कार्यक्रमहरु**

**१. सबै प्रदेशका मुख्य शहरहरुमा संस्थाको उपलब्धिसहित मिडिया क्याम्पेन संचालन गर्ने :**

यसका लागि जिम्मेवार व्यक्तिहरु :

- श्री सुरेश चन्द न्यौपाने, महासचिव, संयोजक
- श्री कलाधर भण्डारी, सदस्य
- श्री सिता सुवेदि, सदस्य

**२. देशब्यापी रुपमा निबन्ध प्रतियोगीता सञ्चालन गर्ने, जसको शिर्षक "दृष्टिविहीनहरूको सशक्तिकरण र विकासमा नेपाल नेत्रहीन संघको भूमिका" रहनेछ ।**

यसका लागि जिम्मेवार व्यक्तिहरु :

- श्री सुरेश राज भण्डारी, पूर्व महासचिव, संयोजक
- श्री निरा अधिकारी, सदस्य
- कार्यक्रम अधिकृत, पदेन सदस्य

**३. Yes Helping Hands को सहयोगमा देशब्यापी रुपमा दृष्टिविहीनहरूलाई सेतो छडि वितरण गर्ने ।**

यसका लागि जिम्मेवार व्यक्तिहरु :

- श्री रमेश पोखरेल केन्द्रिय अध्यक्ष, संयोजक
- श्री शिशिर खनाल, सदस्य
- श्री लक्ष्मण सुवेदि, सदस्य

**४. यस संघको रजत महोत्सवको अवसर पारेर विभिन्न सञ्चार माध्यममा समय समयमा टक्स कार्यक्रम संचालन गर्ने ।**

**यसका लागि जिम्मेवार:** नेपाल नेत्रहीन संघ संयन्त्र

**६ . केन्द्र तथा जिल्लाका उद्योग वाणिज्य महासंघसँगको समन्वयमा नीजि क्षेत्रका प्रतिनिधीहरूसँग रोजगारीका लागि अन्तक्रिया कार्यक्रम सञ्चालन गर्ने ।**

दृष्टिविहीनहरूको रोजगार प्रवर्द्धन कार्यक्रमका लागि जिम्मेवार व्यक्तिहरु :

- श्री खोमराज शर्मा, संयोजक
- श्री रामचन्द्र गैरे, सदस्य
- श्री लक्ष्मी नेपाल, सदस्य

**७ . २५ वर्षको उपलब्धिलाई समेटेर रजत महोत्सव स्मारिका प्रकासित गर्ने ।**

यसका लागि जिम्मेवार व्यक्तिहरु :

- श्री रमेश पोखरेल, केन्द्रिय अध्यक्ष (संरक्षक)
- श्री नर वहादुर लिम्वू, निर्देशक (प्रधान सम्पादक)
- सम्पादक मण्डल

**८. नेत्रहीन संघ (केन्द्र तथा शाखा) बाट सञ्चालन हुने सालभरिका सम्पूर्ण क्रियाकलाप, पत्राचार आदिमा"रजत महोत्सव" उल्लेख गर्ने ।**

**९. सबै जिल्ला शाखाहरुले रजत महोत्सव विशेष कार्यक्रम सञ्चालन गर्ने ।**

**१०. नेपाल नेत्रहीन संघको वृत्ति विकासमा सहयोग पुऱ्याउने व्यक्ति तथा संस्थाहरूलाई सम्मान पत्र प्रदान गर्ने ।**

**११. कोषाध्यक्ष श्री सुगम भट्टराईको संयोजकत्वमा उपत्यकाव्यापी खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।**

**१२. युवा तथा महिला संघहरूलाई आफ्नो मुद्दामा सरोकारवाला निकायसँग समन्वय गरी कार्यक्रम गर्ने ।**

**१३. रक्तदान जीवनदान,आँखादान महादान कार्यक्रम संचालन गर्ने ।**

यसका लागि जिम्मेवार व्यक्तिहरु :

- श्री सुरेश चन्द न्यौपाने महासचिव
- श्री कलाधर भण्डारी सदस्य
- श्री सिता सुवेदि सदस्य

**१४. सालभरिमा दृष्टिविहीनहरूको सवालमा लेख्ने पत्रकारहरुमध्ये एक जनालाई पुरस्कृत गर्ने ।**

**१५. प्रतिव्यक्ति रु. १० हजारका दरले २० जनालाई व्यवसाय संचालन विउ पुँजी प्रदान गरी दृष्टिविहीन स्वरोजगार कोशेढुङ्गा कार्यक्रमको शुरुवात गर्ने ।**

**कार्यक्रम मस्यौदा तयारकर्ता :**

- नीरा अधिकारी
- शिशिर खनाल
- सुरेश राजभण्डारी

**रजत महोत्सवको अवसरमा जिल्ला शाखाहरुले आयोजना गर्ने कार्यक्रमहरु:**

| सि.नं. | जिल्ला नेत्रहीन संघ | रजत महोत्सव विशेष कार्यक्रम |
|---|---|---|
| १ | ताप्लेजुङ्ग नेत्रहीन संघ | सेतो छडी वितरण |
| २ | इलाम नेत्रहीन संघ | क) रोजगारीका लागि सरोकारवालाहरुसँग अन्तर्क्रिया<br>ख) संस्थाको बृत्ति विकासमा सहयोग गर्नेहरुलाई सम्मान<br>ग) दृष्टिविहीनहरुको विषयवस्तुमा लेख्ने पत्रकारलाई पुरस्कृत गर्ने |
| ३ | झापा नेत्रहीन संघ | अन्तर कलेज हाजिरी जवाफ प्रतियोगिता |
| ४ | धनकुटा नेत्रहीन संघ | सेतो छडी वितरण |
| ५ | सुनसरी नेत्रहीन संघ | क) निबन्ध प्रतियोगिता ख) पत्रकार सम्मेलन |
| ६ | मोरङ्ग नेत्रहीन संघ | क) रक्तदान कार्यक्रम ख) हाजिरी जवाफ प्रतियोगिता |
| ७ | महोत्तरी नेत्रहीन संघ | क) सेतो छडी वितरण<br>ख) रक्तदान, आँखादान कार्यक्रम<br>ग) रोजगारीका लागि सरोकारवालाहरुसँग अन्तर्क्रिया |
| ८ | सर्लाही नेत्रहीन संघ | क) सेतो छडी वितरण<br>ख) हाजिरी जवाफ प्रतियोगिता |
| ९ | बारा नेत्रहीन संघ | हाजिरी जवाफ प्रतियोगिता |
| १० | मकवानपुर नेत्रहीन संघ | क) अञ्चलस्तरीय हाजिरी जवाफ प्रतियोगिता<br>ख) मकवानपुरको दुर्गम गाउँमा दुई वटा निःशुल्क आँखा शिविर संचालन गर्ने |
| ११ | सिन्धुपाल्चोक नेत्रहीन संघ | रोजगारीका लागि सरोकारवालाहरुसँग अन्तर्क्रिया |
| १२ | भक्तपुर नेत्रहीन संघ | हाजिरी जवाफ प्रतियोगिता |
| १३ | ललितपुर नेत्रहीन संघ | क) रक्तदान, आँखादान कार्यक्रम<br>ख) गमनशीलता अभिमुखीकरण तालिम |
| १४ | काठमाण्डौ नेत्रहीन संघ | निबन्ध प्रतियोगिता |
| १५ | धादिङ्ग नेत्रहीन संघ | रोजगारीका लागि सरोकारवालाहरुसँग अन्तर्क्रिया |
| १६ | गोर्खा नेत्रहीन संघ | क) दिप प्रज्वलन तथा पम्पलेट वितरण<br>ख) रोजगारीका लागि सरोकारवालाहरुसँग अन्तर्क्रिया |
| १७ | कास्की नेत्रहीन संघ | क) हाजिरी जवाफ प्रतियोगिता<br>ख) रोजगारीका लागि सरोकारवालाहरुसँग अन्तर्क्रिया<br>ग) सेतो छडी वितरण<br>घ) दृष्टिविहीन स्वरोजगार कोशेढुङ्गा कार्यक्रम अन्तर्गत पोखरा व्यवसायिक महिला क्लबको आर्थिक सौजन्यमा १० जना निरक्षर दृष्टिविहीनहरुलाई प्रति व्यक्ति रु २५ हजार प्रदान गर्ने |
| १८ | गुल्मी नेत्रहीन संघ | सेतो छडी वितरण |
| १९ | कपिलवस्तु नेत्रहीन संघ | क) सेतो छडी वितरण ख) हाजिरी जवाफ प्रतियोगिता |
| २० | रुपन्देही नेत्रहीन संघ | सेतो छडी वितरण |
| २१ | नवलपरासी नेत्रहीन संघ | ५० जनालाई सेतो छडी वितरण |
| २२ | सुर्खेत नेत्रहीन संघ | क) रक्तदान, आँखादान कार्यक्रम ख) हाजिरी जवाफ प्रतियोगिता<br>ग) सेतो छडी वितरण घ) निबन्ध प्रतियोगिता |
| २३ | बाँके नेत्रहीन संघ | क) रक्तदान कार्यक्रम ख) हाजिरी जवाफ प्रतियोगिता |
| २४ | बर्दिया नेत्रहीन संघ | क) रक्तदान कार्यक्रम ख) हाजिरी जवाफ प्रतियोगिता |
| २५ | कैलाली नेत्रहीन संघ | निबन्ध प्रतियोगिता |

**धन्यवाद !!!**